# पारिवारिक तथा बालबालिका सेवा महाशाखा

## सप्लिमेन्टल न्युट्रीसन असिस्टेन्स प्रोग्राम - SNAP (फूड स्टाम्प्स्)

# जर्जियामा

## जर्जियामा खाद्य(फुड) स्ट्याम्प कार्यक्रम

### फुड स्ट्याम्प कार्यक्रम के हो ?

फुड स्ट्याम्प कार्यक्रमको रूपमा पनि चिनिने परिपूरकीय पोषण सहयोग कार्यक्रम (Supplemental Nutrition Assistance Program, SNAP) सङ्घीय सरकारद्वारा रकम उपलब्ध गराइएको कार्यक्रम हो जसले खाद्यात्रमा लाग्ने खर्चहरूको भुक्तानीमा सहयोग गर्नका लागि न्यून- आय भएका घरपरिवारहरूलाई मासिक लाभहरू उपलब्ध गराउँछ । यस कार्यक्रमले स्वस्थकर खानपान र स्वस्थकर जीवनशैली प्रवर्द्धन गर्नका लागि न्यून- आय भएका घरपरिवारहरूलाई पोषण शिक्षा प्रदान गर्नुका साथै बच्चा नभएका एकल वयस्कहरूलाई रोजगार तथा तालिम अवसरहरू र न्यून- आय भएका घरपरिवार तथा समुदायहरूलाई फुड स्ट्याम्प कार्यक्रमका लाभहरूको प्रवर्द्धन गर्न पहुँच क्रियाकलापहरू उपलब्ध गराउँछ ।

### घरपरिवार के हो ?

घरपरिवार भनेको एउटा एक्लै बसिरहेको मानिस, एउटा परिवार वा सँगै बस्ने र नियमित रूपमा मिलेर खाना खरीद तथा तयार गर्ने नाता नभएका धेरैजना व्यक्तिहरू हुन सक्छन् । सँगै बस्ने र नियमित रूपमा खाना खरीद तथा तयार नगर्ने परिवारका खास सदस्य वा व्यक्तिहरूलाई घरपरिवारमा सामेल गर्नुपर्दैन । त्यस्ता व्यक्तिहरूका लागि, केस वर्कर (मामिला कार्यकर्ता) लाई सामाजिक सुरक्षा नम्बरहरू, आप्रवासी स्थिति र नागरिकता उपलब्ध गराउनु पर्दैन । कुनै व्यक्तिलाई घरपरिवारमा सामेल गर्ने वा नगर्ने बारेको निर्णय फेडेरल (सङ्घीय) नियमनहरूमा आधारित छ ।

### घरपरिवारलाई आवेदन सम्बन्धी कस्ता किसिमका सेवाहरू प्रदान गरिन्छन् ?

यदि यो आवेदन भर्नमा वा हामीसँग सञ्चार गर्न तपाईंलाई मद्दत आवश्यक पर्छ भने हामीलाई अनुरोध गर्नुहोस् वा 1-877-423-4746 मा फोन गर्नुहोस् । यदि तपाईं बहिरो हुनुहुन्छ वा सुन्नमा कठिनाई हुन्छ भने कृपया GA रिलेलाई 711 मा सम्पर्क गर्नुहोस् । हाम्रा सेवाहरू नि:शुल्क हुन्छन् ।

### फुड स्ट्याम्प लाभहरूका लागि कसले आवेदन गर्न सक्छन् ?

फुड स्ट्याम्प लाभहरूका लागि जसले पनि आवेदन गर्न सक्छ । यस कार्यक्रमले सीमित आय र स्रोतहरू भएका घरपरिवारहरूलाई सहयोग गर्छ । यसमा अस्थायी सङ्कट अनुभव गरिरहेका घरपरिवारका साथै गरिबिको रेखामा वा सो मुनि आय भएका घरपरिवारहरू सामेल हुन्छन् ।

### तपाईंले कहाँ आवेदन गर्नुपर्छ ?

प्रत्येक काउन्टीमा पारिवारिक तथा बालबालिका सेवा विभाग (Department of Family and Children Services, DFCS) को कार्यालय छ । यस कार्यालयले फुड स्ट्याम्प लाभहरूका लागि आवेदनहरू लिन्छ । आफ्नो टेलिफोन

किताबमा काउन्टी सरकार खण्ड अन्तर्गत हेर्नुहोस् वा आफ्नो स्थानीय विभागको ठेगाना तथा टेलिफोन नम्बर पत्ता लगाउनका लागि जर्जियाको मानव सेवा विभाग (Department of Human Services, DHS) को वेबसाइट **https://dfcs.georgia.gov/locations** मा जानुहोस् ।

**तपाईंले कहिले आवेदन गर्न सक्नुहुन्छ ?**

पारिवारिक तथा बालबालिका सेवा विभागका सबै कार्यालयहरू सप्ताहान्त तथा विदाका दिनहरू बाहेक सोमबारदेखि शुक्रबारसम्म खुला रहन्छन् । कार्यालय समय साधारणतया बिहान 8:00 बजेदेखि बेलुका 5:00 बजेसम्म हो ।

आफ्नो क्षेत्रमा कार्यालय समयको लागि आफ्नो स्थानीय काउण्टी विभागलाई फोन गर्नुहोस् । जर्जिया गेटवेको वेबसाइट https://gateway.ga.gov/access/ मा स्थानीय काउन्टी अफिसको अनलाइन आवेदनहरू उपलब्ध हुन्छन् ।

**आधिकारिक प्रतिनिधि भनेको के हो ?**

आधिकारिक प्रतिनिधि त्यस्तो व्यक्ति हो जसलाई तपाईंको घरपरिवारले तपाईंका तर्फबाट फुड स्ट्याम्प लाभहरूका लागि आवेदन गर्न, प्राप्त गर्न र/वा प्रयोग गर्न स्वीकृति दिनु भएको छ किनभने तपाईं त्यसो गर्न सक्नुहुन्न ।

**तपाईंले लाभहरूका लागि कसरी आवेदन गर्न सक्नुहुन्छ ?**

लाभहरूका निम्ति आवेदन गर्नका लागि, घरपरिवारको मूली, घरपरिवारको सदस्य, वा घरपरिवारलाई प्रतिनिधित्व गर्ने आधिकारिक व्यक्तिले सहयोगका लागि आवेदन पूरा भर्न सक्नेछन् । आवेदन तपाईंको स्थानीय काउन्टीको पारिवारिक तथा बालबालिका सेवा विभाग वा DHS वेबसाइटबाट प्राप्त गर्न सकिनेछ । तपाईंले आवेदन गर्नको लागि स्वयं कार्यालयमा जान, आफ्नो घरको ठेगानामा हुलाकद्वारा आवेदन पठाउन अनुरोध गर्नका लागि कार्यालयलाई फोन गर्न वा अरू कसैलाई पठाएर फाराम मगाउन सक्नुहुन्छ । तपाईंले www.dfcs.dhr.georgia.gov/foodstamps वेबसाइटमा भएको खाली आवेदन फारामको प्रतिलिपि पनि बनाउन सक्नुहुन्छ । फाराम पूरा भर्नुहोस् र त्यसलाई हुलाक वा फ्याक्सद्वारा पठाउनुहोस् वा स्थानीय काउन्टी कार्यालयमा लिएर जानुहोस् ।

**मैले अनलाइनमा लाभहरूका लागि कसरी आवेदन गर्न सक्छु ?**

तपाईंले खाद्य स्ट्याम्पका लागि जर्जिया गेटवेको वेबसाइट https://gateway.ga.gov/access/ मार्फत पनि आफ्नो स्थानीय काउन्टी DFCS कार्यालयमा अनलाइन आवेदन गर्न सक्नुहुन्छ । अनलाइन अकाउन्ट बनाउने आवेदकहरूले आफ्नो आवेदनको स्थिति जाँच्न सक्नेछन् र उनीहरूले गेटवे प्रि- स्क्रिनिङ टुल मार्फत अन्य DHS कार्यक्रमहरूका लागि आफ्नो योग्यता जाँच्न पनि सक्नेछन् । यसका अतिरिक्त, गेटवेले फुड स्ट्याम्प प्राप्तकर्ताहरूलाई अनलाइनमा आफ्ना घरपरिवार सम्बन्धी परिस्थितिहरूमा हुने परिवर्तनहरूका बारेमा रिपोर्ट गर्न र आफ्ना

लाभहरूलाई नवीकरण गर्न स्वीकृति दिन्छ ।

**कतिबेला आवेदन फाइल भएको मानिन्छ ?**

जब आवेदनमा घरपरिवारको मूलीको नाम, ठेगाना, मिति र घरपरिवारको मूली वा अन्य सदस्यको हस्ताक्षर हुन्छ र त्यसलाई स्थानीय काउन्टी विभागले प्राप्त गरेको हुन्छ, त्यतिबेला आवेदन फाइल वा दायर भएको मानिन्छ । आवेदनलाई पारिवारिक तथा बालबालिका सेवा विभागमा स्वयं उपस्थित भएर, हुलाक वा फ्याक्सद्वारा वा अनलाइन फाइल गर्न सकिन्छ । आवेदन तपाईंकै स्थानीय काउन्टीको पारिवारिक तथा बालबालिका सेवा विभागमा फाइल *गरिनु पर्दछ* तर कुनै पनि पारिवारिक तथा बालबालिका सेवा विभागले तपाईंको आवेदनलाई स्वीकार गर्न सक्छ । तपाईंले आवेदन पूरा भर्ने प्रयास गर्नुपर्दछ । तपाईंले आफ्नो टेलिफोन नम्बर र/वा ठेगाना दिनु **एकदमै** महत्वपूर्ण हुन्छ ताकि DFCS ले तपाईंलाई फोनद्वारा सम्पर्क गर्न सकोस् ।

**एकपटक आवेदन फाइल भए (दायर गरे) पछि के हुन्छ ?**

तपाईं वा तपाईंको घरपरिवारको कुनै सदस्य (वा तपाईंको घरपरिवारका लागि आवेदन दिन अख्तियारी प्राप्त व्यक्ति) लाई DFCS का कर्मचारीद्वारा अन्तरर्वार्ता लिइन्छ । अन्तरर्वार्ता लिइने व्यक्ति तपाईंको घरपरिवारको स्थिति बारे जानकार हुनुपर्दछ ।

फोनद्वारा अन्तरर्वार्ता आवश्यक हुन्छ । वृद्ध/अपाङ्ग व्यक्तिहरू वा कार्यालयमा आउन कठिनाइ अनुभव गर्ने व्यक्तिहरूका लागि अन्तरर्वार्तालाई टेलिफोन, घरमा पहिले नै समय मिलाइएको भेटघाट वा कार्यालयमा आएर गरिने भेटघाट मार्फत पूरा गर्न सकिनेछ । अन्तरर्वार्ताहरू बारेमा जानकारी पत्ता लगाउनका लागि आफ्ना स्थानीय विभागलाई सम्पर्क गर्नुहोस् ।

**अन्तरर्वार्तामा के हुन्छ ?**

केसवर्करले तपाईंलाई तपाईंको घरपरिवारको आय, स्रोत, भाडा वा धितो र उपयोगिता सेवा (युटिलिटी) खर्चहरूका बारेमा प्रश्नहरू सोध्नेछन् । केही निश्चित घरपरिवारहरूलाई मेडिकल खर्च, बाल स्याहार तथा बाल भरणपोषण खर्चहरूका बारेमा पनि सोध्न सकिनेछ । घरपरिवारको स्थितिको प्रमाण आवश्यक हुन्छ, त्यसैले यदि तपाईंसँग निम्न जानकारीहरू छन् भने तपाईंले तिनीहरूलाईँ सँगै लिएर आउन सक्नुहुन्छ:

* तपाईंको पहिचानको प्रमाण
* जन्म दर्ता प्रमाणपत्र, अमेरिकी पासपोर्ट, अस्पतालको अभिलेख जस्ता तपाईंको नागरिकताका प्रमाणहरू
* अमेरिकी नागरिक नभएको खण्डमा लाभहरूका लागि आवेदन दिने व्यक्तिहरूको आप्रवासी कागजातहरू
* लाभहरूका लागि आवेदन दिने व्यक्तिहरूको सामाजिक सुरक्षा नम्बरहरू
* घरपरिवारको प्रत्येक सदस्यको आयको प्रमाण (चेकका अर्धकट्टीहरू, सामाजिक सुरक्षा वा भेटेरन प्रशासनको निर्णय पत्रहरू, बेरोजगार भत्ता, परिवार वा साथीहरूबाट योगदान,

बाल भरणपोषण खर्च, आदि)

* अघिल्लो महिनाको भाडाको रसिद वा धितो भुक्तानी किताब
* 60 वर्ष तथा सो भन्दा बढी उमेर भएका र/वा अपाङ्ग व्यक्तिहरूको मेडिकल बिलहरू
* काम, स्कूल वा तालिममा भएका अभिभावक (आमाबाबु) हरूको बच्चाहरूको बाल स्याहार रसिदहरू
* तपाईंको स्थितिलाई मध्येनजर गर्दै अतिरिक्त जानकारी र प्रमाण आवश्यक हुनसक्छ ।

यदि तपाईंसँग पहिलोपल्ट आवेदन गर्दा सबै जानकारीहरू छैनन् भने आवश्यक प्रमाणहरू उपलब्ध गराउन तपाईंलाई अन्तर्वार्ताको मितिबाट 10 दिन प्रदान गरिन्छ ।

सो अन्तरर्वार्ता घरपरिवारको परिस्थितिहरूको आधिकारिक र गोपनीय छलफल हुन्छ । अन्तरर्वार्ताकारले जानकारीलाई सङ्कलन र समीक्षा मात्र नगरेर, अस्पष्ट र अपूरो जानकारीको अनुसन्धान र समाधान पनि गर्नुपर्दछ ।

यदि तपाईंको घरपरिवारको कुनै व्यक्तिले हामीलाई सामाजिक सुरक्षा नम्बर वा आप्रवासी स्थिति वा नागरिकता बारे जानकारी दिन चाँहदैनन् भने सो व्यक्ति फुड स्ट्याम्प लाभहरूका लागि योग्य हुँदैनन् । यस्तो स्थितिमा घरपरिवारका अन्य सदस्यहरू लाभहरूका लागि अझैं पनि योग्य हुन सक्छन् ।

त्यस्तो व्यक्तिलाई सामाजिक सुरक्षा नम्बर नदिन चाहेकै कारणले होमल्याण्ड सुरक्षा विभाग, अमेरिकी नागरिकता तथा आप्रवासी सेवाहरूमा रिपोर्ट गरिँदैन ।

## के तपाईं योग्य हुनुहुन्छ ?

**निम्न अवस्थाहरूमा तपाईं फुड स्ट्याम्प लाभहरूका लागि योग्य हुनुहुन्छ:**

- तपाईं अमेरिकी नागरिक हुनुहुन्छ वा तपाईंसँग विदेशीको रूपमा निश्चित कानूनी हैसियत छ
- तपाईंले आफ्नो घरपरिवारको स्थितिको प्रमाण सम्बन्धी सबै आवश्यक दस्तावेजहरू उपलब्ध गराउनुभएको छ
- तपाईं र/वा घरपरिवारका अन्य सदस्यहरूले काम सम्बन्धी आवश्यकताहरू पालना गर्नुभएको छ
- घरपरिवारको मासिक आयले घरपरिवारमा बस्ने मानिसहरूको सङ्ख्यामा आधारित आय सीमालाई नाघ्दैन
- यदि निम्न खर्चहरूको प्रमाणहरू प्रदान गरिएमा भाडा वा धितोको भुक्तानी, उपयोगिता सेवा (युटिलिटी) का बिलहरू र केही मामिलाहरूमा मेडिकल, बाल स्याहार तथा बाल भरणपोषण खर्चहरूलाई पनि योग्यता निर्धारण प्रक्रियामा विचार गरिन्छ ।

**लाभहरू प्राप्त गर्नका लागि कति समय लाग्छ ?**

आवेदनहरूको प्रक्रियालाई अगाडि बढाइनुपर्छ र आवेदन फाइल गरिएको मितिबाट 30 दिन भित्रमा लाभहरू उपलब्ध हुन्छन् । यदि तपाईंको घरपरिवारको आय अन्त्यन्त कम छ वा छँदै छैन भने र विशिष्ट मापदण्ड पुग्छ भने आवेदन प्रक्रियालाई छिटो अगाडि बढाइनुपर्छ र लाभहरू 7 दिन भित्रमा उपलब्ध हुन्छन् । फुड स्ट्याम्प लाभहरूका लागि घरपरिवार योग्य भए नभएको कुरा जानकारी दिँदै प्रत्येक घरपरिवारमा सूचना प्रेषित गरिन्छ । यदि घरपरिवार योग्य भएमा सूचनामा उक्त घरपरिवारले पाउने लाभहरूको रकम पनि तोकिएको हुन्छ र सो घरपरिवारले पुन: आवेदन नगरीकन कहिलेसम्म उक्त लाभहरू पाइरहन्छन् भन्ने कुराको जानकारी पनि दिइएको हुन्छ ।

**तपाईंले कति रकम प्राप्त गर्नुहुन्छ ?**

तपाईंको घरपरिवारले प्राप्त गर्ने लाभहरूको रकम तपाईंको फुड स्ट्याम्प घरपरिवारमा भएका व्यक्तिहरूको सङ्ख्या, घरपरिवारको आयको रकम र बजेट प्रक्रियामा प्रयोग भएको कटौतीको रकममा निर्भर रहन्छ । पहिलो महिनामा घरपरिवारले पाउने लाभहरूको रकमलाई आवेदन दायर गरेको मितिले असर गर्दछ । तपाईंको घरपरिवार योग्य हुँदासम्म प्रत्येक महिना लाभहरू प्रदान गरिनेछ ।
तपाईंको फुड स्ट्याम्प केस बन्द भएतापनि तपाईंको EBT अकाउन्टमा बाँकी भएका लाभहरू खर्च गरी नसकुन्जेल सम्म प्राप्त गर्न सकिन्छ ।

**यदि तपाईंलाई आफ्नो केस (मामिला) मा गरिएको निर्णय अनुचित लाग्छ भने तपाईं के गर्न सक्नुहुन्छ ?**

यदि तपाईंलाई तपाईंको हकमा गरिएको निर्णय अनुचित लाग्छ भने तपाईंसँग उचित सुनुवाइ लागि अनुरोध दायर गर्ने अधिकार हुन्छ । तपाईंले आफ्नो स्थानीय काउन्टी विभागलाई लिखित रूपमा वा फोन गरेर उचित सुनुवाइका

लागि अनुरोध गर्न सक्नुहुन्छ । यदि तपाईं उचित सुनुवाइ अनुरोध गर्न चाहनुहुन्छ भने आफूले योग्यताको सूचना पाएको 10 दिन भित्रमा तपाईंले स्थानीय काउन्टी विभागलाई सम्पर्क गर्नुपर्छ ।

**फुड स्ट्याम्प लाभहरूलाई कसरी तपाईंको लागि जारी गरिन्छ ?**

लाभहरूलाई विद्युतीय लाभ ट्रान्सफर (Electronic Benefit Transfer, EBT) कार्ड र व्यक्तिगत पहिचान नम्बर (Personal Identification Number, PIN) प्रयोग गरेर जारी गरिन्छ ।

यदि तपाईं सुविधाहरूका लागि योग्य हुनुहुन्छ र घरपरिवारको मूलीको रूपमा कहिल्यै पनि प्राप्त गर्नुभएको छैन भने तपाईंलाई हुलाकद्वारा EBT कार्ड पठाइनेछ । घरपरिवारले EBT कार्ड तोकिएका स्टोरहरूमा खाद्यात्र खरीद गर्नका लागि प्रयोग गर्नेछ । भुक्तानी गरिने काउन्टरमा तपाईंको फुड स्ट्याम्प लाभ खरीदको कुल रकम गणना गरेपछि तपाईंले आफ्नो EBT कार्डलाई बिक्री उपकरणको एउटा प्वाइन्टमा स्वाइप गर्नुपर्छ र आफ्नो PIN नम्बर हाल्नुपर्छ । तपाईंको कुल मासिक अंशबाट खरीदको रकम घट्छ ।

**फुड स्ट्याम्प लाभहरूबाट के-के खरीद गरिन्छ ?**

लाभहरूलाई तपाईंको घरपरिवारले खानका निम्ति खाद्यात्र वा सो उमार्न प्रयोग गरिने बिरूवा वा बिउहरू मात्र कित्र प्रयोग गर्न सकिन्छ । एन्स्योर जस्ता केही खाद्य परिपूरक (सप्लिमेन्ट) हरू खाद्य स्ट्याम्प लाभहरूबाट पनि कित्र सकिनेछ । बरफ, पानी र चिसो वा साधारण तापक्रम खाद्यपदार्थहरू, जसलाई स्टोरमै खानका लागि बनाइका हुँदैनन्, लाई पनि फुड स्ट्याम्प लाभहरूबाट खरीद गर्न सकिन्छ ।

**फुड स्ट्याम्प लाभहरूबाट के-के किनिँदैन ?**

फुड स्ट्याम्प लाभहरूलाई मदिराजन्य पेय पदार्थ, चुरोट वा सूर्ती, साबुन तथा कागजका उत्पादन जस्ता घरायसी सामान, औषधि, भिटामिन, घरेलु जनावरका खाद्य पदार्थ वा गैर- खाद्य पदार्थहरू कित्र प्रयोग गर्न सकिँदैन ।

**तपाईंले फुड स्ट्याम्प लाभहरूलाई कहाँ खर्च गर्न सक्नुहुन्छ ?**

अमेरिकी कृषि विभागको खाद्य र पोषण सेवाद्वारा स्वीकृति प्रदान गरिएका खाद्य स्टोरहरूले खाद्यात्र किन्दा EBT ट्रान्जेक्सनहरूलाई स्वीकार गर्न सक्छन् । धेरै स्टोरहरूले फुड स्ट्याम्प लाभहरू प्रयोग गरेर खाद्य उत्पादनहरू खरीद गर्न सकिन्छ भनेर सङ्केत गर्ने चिन्हहरू राखेका हुन्छन् ।

**तपाईंले कहिलेसम्म फुड स्ट्याम्प लाभहरू प्राप्त गर्नुहुन्छ ?**

यदि योग्य भएमा तपाईंको घरपरिवारले फुड स्ट्याम्पहरू पुन: आवेदन गर्नु अघि एक महिनादेखि एक वर्ष सम्मका लागि प्राप्त गर्न सक्छ । प्रमाणीकरण अवधिको अन्तिम महिनामा, तपाईंको घरपरिवारले DFCS बाट अपोइन्टमेन्ट पत्र प्राप्त गर्नुपर्नेछ । सो पत्रले तपाईंको प्रमाणीकरणको अवधि सकिन लागेको छ र तपाईंको घरपरिवारले पुन: आवेदन दिनुपर्छ भत्रे कुराको जानकारी दिनेछ । यदि तपाईंले सो पत्रको उत्तर समयमै दिनुभयो

र तपाईंको घरपरिवार अझैं पनि योग्य भएमा तपाईंका लाभहरू निरन्तर रहनेछन् । यदि तपाईंले अपोन्टमेन्ट पत्रको उत्तर दिनु भएन भने तपाईंका लाभहरू रोकिनेछन् ।

**लाभहरू प्राप्त गरिरहँदा तपाईंको घरपरिवारले कस्ता-कस्ता परिवर्तनहरूको बारेमा रिपोर्ट (खबर) गर्नुपर्दछ ?**

**सरलीकृत घरपरिवार रिपोर्टिङ** - जर्जियाका सबै फुड स्ट्याम्प घरपरिवाहरूका सरलीकृत रिपोर्टिङ आवश्यकताहरू छन् । यसको अर्थ तपाईंले आफ्नो परिवर्तनका बारेमा त्यतिबेला मात्र रिपोर्ट गर्नु पर्दछ जति बेला तपाईंको कुल मासिक आय तपाईंको घरपरिवारको आकारको सङ्घीय गरिबि स्तर.को 130% भन्दा बढी हुन्छ ।

तपाईंको केसवर्करले तपाईंलाई यस आवश्यकताको विस्तारमा व्याख्या गर्नेछन् । तपाईंले परिवर्तनहरूका बारेमा DFCS कल सेन्टरलाई 1-877-423-4746 मा वा www.dfcs.dhr.georgia.gov/foodstamps मा पनि रिपोर्ट गर्न सक्नुहुन्छ ।

**तपाईंका के-के जिम्मेवारीहरू हुन्छन् ?**

- तपाईंले सबै प्रश्नहरूका जवाफ पूरा दिनुपर्दछ ।
- तपाईंले झुठो गवाहीको दण्ड अन्तर्गत, सबै उत्तरहरू सही छन् भनेर प्रमाणीकरण गर्न आफ्नो नामको हस्ताक्षर गर्नुपर्दछ ।
- तपाईंले आफू योग्य भएको प्रमाण उपलब्ध गराउनुपर्छ ।
- घरपरिवारको परिस्थितिहरूमा हुने परिवर्तनहरूको बारेमा रिपोर्ट गर्नुपर्दछ ।
- फुड स्ट्याम्प लाभहरूलाई बेच्न, कारोबार गर्न र कसैलाई दिन हुँदैन ।
- फुड स्ट्याम्प लाभहरूको प्रयोग उपयुक्त वस्तुहरूको खरीदमा मात्र प्रयोग गर्नुपर्दछ ।

**नियमहरू उल्लँघन गर्दा के-के दण्डहरू हुनसक्छन् ?**

जानाजान गलत जानकारी प्रदान गर्नाले तपाईंले आफ्ना लाभहरू गुमाउन सक्नुहुन्छ वा तपाईंले आपराधिक अभियोगको सामना गर्नुपर्ने हुन्छ ।

- तपाईंको घरपरिवारले पाउन नहुने लाभहरू प्राप्त गर्नका लागि गलत जानकारी नदिनुहोस् वा जानकारी नलुकाउनुहोस् ।
- अरूको फुड स्ट्याम्प वा EBT कार्डहरू प्रयोग नगर्नुहोस् र अरूलाई पनि आफ्नो प्रयोग गर्न नदिनुहोस् ।
- बियर, वाइन, मदिराजन्य पेय पदार्थ, चुरोट, सूर्ती, घरेलु जनावरका खाद्य पदार्थ, साबुन तथा कागजका उत्पादन र घरायसी सामान जस्ता गैर- खाद्य पदार्थहरू किन्न फुड स्ट्याम्पहरूलाई प्रयोग नगर्नुहोस् ।
- हातहतियार, गोलाबारूद वा नियन्त्रित पदार्थहरू (गैरकानूनी लागू पदार्थहरू) जस्ता गैरकानूनी वस्तुहरूका लागि फुड स्ट्याम्प वा EBT कार्डहरूको व्यापार वा बिक्री नगर्नुहोस् ।
- आफ्नो लाभहरूका साथ क्रेडिटमा खाद्यान्न किन्न फुड स्ट्याम्पहरूलाई प्रयोग नगर्नुहोस् ।

**फुड स्ट्याम्पको <u>कुनै पनि</u> नियमहरू जानाजान तोड्ने घरपरिवारको कुनै पनि सदस्यलाई फुड स्ट्याम्प कार्यक्रमबाट एक वर्षदेखि सधैँका लागि निषेध गर्न सकिनेछ, $250,000 सम्म जरिवाना लगाउन सकिनेछ, 20 वर्षको कैद वा दुवै सजाय हुन सक्नेछ । उनलाई लागू हुने योग्य फेडेरल (सङ्घीय) र राज्य कानून अन्तर्गत अभियोग पनि लगाउन सकिन्छ । यदि अदालतले आदेश दिएमा उनलाई अतिरिक्त 18 महिनाका लागि फुड स्ट्याम्प कार्यक्रमबाट निषेध पनि गर्न सकिन्छ ।**

**जानाजान नियमहरू तोड्ने घरपरिवारको सदस्यले पहिलो पटकको अपराधका निम्ति एक वर्ष, दोस्रो पटकको अपराधका निम्ति दुई वर्ष र तेस्रो पटकको अपराधका निम्ति स्थायी रूपमा फुड स्ट्याम्पहरू प्राप्त गर्ने छैनन् ।**

**यदि अदालतले तपाईं वा घरपरिवारको कुनै सदस्यलाई नियन्त्रित पदार्थहरूको बिक्रीसँग संलग्न रहेको कारोबारमा फुड स्ट्याम्प प्रयोग गरेको वा प्राप्त गरेको दोषी पाएमा तपाईं वा घरपरिवारको उक्त सदस्य पहिलो पटकको अपराधका निम्ति दुई वर्ष र दोस्रो पटकको अपराधका लागि स्थायी रूपमा लाभहरूका लागि योग्य मानिने छैन ।**

**यदि अदालतको कानूनले तपाईं वा घरपरिवारको कुनै सदस्यलाई हातहतियार, गोलाबारूद वा विस्फोटकहरूको बिक्रीसँग संलग्न रहेको कारोबारमा खाद्य स्ट्याम्प प्रयोग गरेको वा प्राप्त गरेको दोषी पाएमा, तपाईं वा घरपरिवारको सो सदस्य यस उल्लङ्घनको पहिलो पटकको अपराधमै फुड स्ट्याम्प कार्यक्रममा सहभागी हुनबाट स्थायी रूपमा अयोग्य हुनेछन् ।**

**यदि अदालतले तपाईं वा घरपरिवारको कुनै सदस्यलाई कुल $500 वा बढीको रकममा लाभहरूलाई साटेको दोषी पाएमा तपाईं वा घरपरिवारको सो सदस्य यस उल्लङ्घनको पहिलो पटकको अपराधमै फुड स्ट्याम्प कार्यक्रममा सहभागी हुनबाट स्थायी रूपमा अयोग्य हुनेछन् ।**

**यदि तपाईं वा घरपरिवारको सदस्यले धेरै फुड स्ट्याम्प लाभहरू प्राप्त गर्नका लागि पहिचान (उनीहरू को हुन्) वा बसोबासको स्थान (उनीहरू कहाँ बस्छन्) का विषयमा छलपूर्ण कथन वा प्रस्तुतिकरण गरेको पाइएमा तपाईं वा घरपरिवारको सो सदस्य 10 वर्षका लागि फुड स्ट्याम्प कार्यक्रममा सहभागी हुन अयोग्य हुनेछन् ।**

**घरपरिवारलाई कहिले लाभहरू प्राप्त हुन्छन् ?**

लाभहरू EBT अकाउन्टमा प्रत्येक महिनाको 5 तारिख देखि 23 तारिखसम्म क्रेडिट गरिन्छन् । आफ्ना लाभहरू प्राप्त गर्नका लागि तपाईंलाई तपाईंको EBT कार्ड र PIN आवश्यक हुन्छ । यदि तपाईंले आफ्नो EBT कार्ड हराउनुभयो वा त्यो चोरी भयो भने वा PIN बिर्सिनुभयो भने EBT ग्राहक सेवा हेल्पलाइनलाई 1-888-421-3281 मा फोन गर्नुहोस् । तपाईंको चोरिएको वा हराएको कार्डलाई रद्द गरिनेछ । तपाईंको घरपरिवारलाई नयाँ EBT कार्ड र/वा PIN (पिन) जारी गरिनेछ । आफ्नो EBT अकाउन्टका विषयमा जानकारी अनलाइन प्राप्त गन www.ebt.acs-inc.com मा लग अन गर्नुहोस् । आफ्नो कार्ड नम्बर र व्यक्तिगत पहिचान नम्बर (PIN) प्रयोग गरेर तपाईंलेः

- आफ्नो अकाउन्टको वर्तमान ब्यालेन्स जाँच्न सक्नुहुन्छ

- आफ्नो ट्रान्जेक्सन इतिहास जाँच गर्न सक्नुहुन्छ
- आफ्नो PIN परिवर्तन गर्न सक्नुहुन्छ
- ग्राहक सेवालाई सम्पर्क गर्न सक्नुहुन्छ

आफ्नो जानकारी प्राप्त गर्नका लागि तपाईंको कार्ड नम्बर तयार भएको हुनुपर्दछ । आफ्नो EBT कार्ड र PIN लाई सुरक्षित स्थानमा राख्न सम्झिनुहोस् । यदि कसैले तपाईंको EBT कार्ड र PIN प्राप्त गरेमा उक्त व्यक्तिले तपाईंका लाभहरू प्राप्त गर्न सक्छ । तपाईंको EBT अकाउन्टबाट लिइएका लाभहरू DFCS द्वारा प्रतिस्थापित **गरिदैन** ।

**तपाईंका अधिकारहरू निम्न रहेका छन्:**

- तपाईंले अनुरोध गरेकै दिनमा आवेदन प्राप्त गर्ने ।
- तपाईंले फाइल गरेका बेला तपाईंको आवेदन स्वीकृत हुने ।
- यदि तपाईं फुड स्ट्याम्प कार्यालयसम्म पुग्न सक्नुहुत्र भने कुनै वयस्कद्वारा तपाईंको घरपरिवारका लागि आवेदन गर्ने ।
- यदि तपाईं 60 वर्ष वा माथिको हुनुहुन्छ वा असक्त हुनुहुन्छ र आफ्ना लागि आवेदन दिने कोही नभेटेमा घरमा आएर भेटघाट गर्ने वा टेलिफोनबाट अन्तर्वार्ता गर्ने ।
- यदि योग्य भएमा आवेदन फाइल गरेको 30 दिन भित्र आफ्नो EBT कार्ड र पिन प्राप्त गर्ने, वा
- यदि शीघ्र सेवाहरूका लागि योग्य भएमा आवेदन फाइल गरेको 7 दिन भित्रमा EBT कार्ड र पिन प्राप्त गर्ने ।
- उमेर, लिङ्ग, जाति, रङ, अपाङ्गता, धर्म, राष्ट्रिय मूल वा राजनैतिक आस्था बेगर निष्पक्ष व्यवहार प्राप्त गर्ने ।
- आफ्नो मामिलामा गरिएको कार्यवाहीसँग असहमत हुनुभएमा निष्पक्ष सुनुवाइ माग्ने ।
- आफ्नो केस फाइल र कार्यक्रमका नियमहरू परीक्षण गर्ने ।
- लिखितमा रिपोर्ट नभएको परिवर्तनका कारण तपाईंका लाभहरू घटेमा वा रोकिएमा त्यसभन्दा अगावै सूचना पाउने ।

पारिवारिक तथा बालबालिका सेवा विभागले कुनै पनि आवेदक वा एजेन्सीको सेवा प्राप्तकर्तालाई निम्न कुरा नगर्न आवश्यक मानेको छ: जाति, रङ, लिङ्ग, उमेर, धर्म, राष्ट्रिय मूल, राजनैतिक झुकाव वा अपाङ्गताका आधारमा सहभागिताबाट बञ्चित गर्न, उनीहरूका लाभहरू अस्वीकार गर्न वा महाशाखाले सञ्चालन गरेका वा सहयोग गरेका कुनै कार्यक्रम अन्तर्गत अन्यथा विभेद गर्न । यो आवश्यकता व्यक्तिहरू, बाल स्याहार सहुलियत र अन्य एजेन्सी/सङ्गठनहरू, जसमा महाशाखाले सिफारिस गर्छ वा सेवाहरू खरीद गर्छ, तिनीहरूमा लागू हुन्छ । सङ्घीय नागरिक अधिकार कानून र अमेरिकी कृषि विभाग (U.S. Department of Agriculture, USDA) नागरिक अधिकार नियमनहरू र नीतिहरू अनुरूप, USDA, यसका एजेन्सी, कार्यालय तथा कर्मचारीहरू र USDA कार्यक्रममा सहभागी हुने वा ती कार्यक्रमहरूलाई सञ्चालन गर्ने संस्थाहरूलाई जाति, रङ, राष्ट्रिय मूल, लिङ्ग, धार्मिक झुकाव, अपाङ्गता, उमेर, राजनैतिक विश्वास, वा प्रतिहिंसा वा प्रतिशोधका आधारमा USDA द्वारा आयोजना गरिएको वा रकम उपलब्ध गराइएको कुनै पनि कार्यक्रममा पूर्व नागरिक अधिकार क्रियाकलापका लागि विभेद गर्नबाट निषेध गरिएको छ ।

कार्यक्रम जानकारीका लागि सञ्चारका वैकल्पिक उपायहरू (जस्तै ब्रेल, ठूलो छापा, अडियो टेप, अमेरिकन साङ्केतिक भाषा, आदि) आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरूले आफूले लाभहरूका लागि आवेदन गरेको एजेन्सी (राज्य वा स्थानीय) मा सम्पर्क गर्नुपर्नेछ । बहिरा, सुत्र कठिनाइ हुने वा बोली असक्तता भएका व्यक्तिहरूले USDA लाई (800) 877-8339 मा सङ्घीय रिले सेवामार्फत सम्पर्क गर्न सक्नेछन् । यसका अतिरिक्त, अङ्ग्रेजी बाहेकका भाषाहरूमा पनि कार्यक्रम सम्बन्धी जानकारी उपलब्ध गराउन सकिनेछ ।

कार्यक्रममा विभेदको गुनासो फाइल गर्नका लागि, http://www.ascr.usda.gov/complaint_filing_cust.html मा अनलाइन रहेको USDA कार्यक्रम विभेद गुनासो फाराम (USDA Program Discrimination Complaint Form) (AD-3027) भर्नुहोस् र USDA लाई सम्बोधन गरी कुनै पनि USDA कार्यालयlaai पत्र लेख्नुहोस् र फाराममा अनुरोध गरिएका सबै जानकारीहरूलाई पत्रमा सामेल गर्नुहोस् । गुनासो फारामको प्रतिलिपि अनुरोध गर्नका लागि (866) 632-9992 मा फोन गर्नुहोस् । आफ्नो भरिएको फाराम वा पत्र USDA लाई निम्न तरिकाले पठाउनुहोस्: (1) हुलाक: U.S. Department of Agriculture, Office of the Assistant Secretary for Civil Rights, 1400 Independence Avenue, SW, Washington, D.C. 20250-9410, (2) फ्याक्स: (202) 690-7442; वा (3) इमेल: program.intake@usda.gov ।

यो संस्था समान अवसर प्रदानकर्ता हो ।

तपाईंले विभेदको गुनासो DFCS Civil Rights Program, Two Peachtree Street, N.W., Suite 19-248, Atlanta, Georgia 30303 मा सम्पर्क गरेर वा (404) 657-3735 मा फोन गरेर वा (404) 463-3978 मा फ्याक्स गरेर पनि फाइल गर्न सक्नुहुन्छ । सीमित अङ्ग्रेजी प्रवीणता र स्नायु दुर्बलता सेवाहरूका लागि DHS सीमित अङ्ग्रेजी प्रवीणता र स्नायु दुर्बलता कार्यक्रम (DHS Limited English Proficiency and Sensory Impaired Program) लाई, Two Peachtree Street, N.W., Suite 29-103 N.W., Atlanta, GA 30303 मा सम्पर्क गर्नुहोस् वा (404)-657-5244 मा फोन गर्नुहोस् वा (404)-651-6815 मा फ्याक्स गर्नुहोस् ।

पारिवारिक तथा बालबालिका सेवा विभाग फुड स्ट्याम्प लाभहरू सम्बन्धी तपाईंको समस्या र तपाईंसँग भएका कुनै पनि प्रश्नहरूको जवाफ दिनको लागि सहयोग गर्न उपलब्ध छ । कृपया तलको नम्बरमा फोन गर्नुहोस् ।

**टोल फ्रि नम्बर 1-877-423-4746**